अग्नीसाइर कृष्णासवरन गाउँपालिका

# गाउँ कार्यपालिकांको कार्यालय

सीतापुर, सप्तरी

# दशौं गाउँसभा

**२०७९**

मिति २०७९/०३/१० गते

Scanned with CamScanner

# अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको मिति २०७९/०३/१० गते दशौं गाउँसभाबाट आ.व. २०७९/०८० का लागि पारित गा.पा. उपाध्यक्ष श्री कल्पना कुमारी चौधरी ज्यूबाट प्रस्तुत

# नीति तथा बजेट कार्यक्रम

**गाउँसभाको सभाध्यक्ष ज्यू,**

अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आज प्रारम्भ भएको आठौ गाउँसभामा आर्थिक वर्ष २०७९/०८० को नीति तथा बजेट कार्यक्रम प्रस्ताव गर्न पाउँदा गौरवान्वित भएको छु। सर्वप्रथम नेपालमा प्रजातन्त्रको स्थापना, पुर्नस्थापना तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनमा ज्यानको आहुती दिनु हुने आदरणीय ज्ञातअज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु।

आर्थिक बर्ष २०७९/०८० को बार्षिक योजना तर्जुमा तथा कार्यक्रमको सन्दर्भमा अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक, संस्थागत विकास तथा सेवा प्रवाह एवम् वातावरण तथा विपद व्यवस्थापन लगायत सर्वाङ्गिन विकासको लागि नेपालको संविधान, १६औं योजना स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट जारी भएको प्रचलित विभिन्न ऐन नियम, निर्देशिका र नीतिहरुलाई अनुसरण गर्दै जननिर्वाचित पदाधिकारीको अथक प्रयास र सामुहिक एवम् गहन छलफलबाट आर्थिक बर्ष २०७९/०८० को बार्षिक योजना तर्जुमा तथा कार्यक्रमको निर्माण गरिएको छ।

लोकतन्त्रका लाभहरुको सामानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप संघिय लोकतान्तिक गणन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदखि नै सुदृढीकरण गर्न, स्थानीइ नेतृत्वको विकास गर्दै शासन पद्धतिलाई सुदृढीकरण, स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्न यस गाउँपालिकालाई सुहाउँदो देहाय बमोजिमका नीति, कार्यान्वयन योग्य बजेट तथा कार्यक्रमहरु अवलम्वन गरिनेछ।

विकासका सूचकहरुमा सकारात्मक परिवर्तन ल्याउन र गाउँबासीको विकास निर्माण र परिवर्तको अपेक्षालाई आत्मसात गर्दै स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाई सहभागितामूलक प्रक्रियाबाट नतिजामूलक ढंगले योजना तर्जुमा गरी उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी गाउँबासीहरुको सहभागिता अभिवृद्धि गरी विकास प्रक्रियालाई संस्थागत गर्दै गाउँको सौन्दंयता बढाउने रग्रामिण क्षेत्रको उत्पादनलाई बृद्धि गर्दै लैजानेछ।

Scanned with CamScanner

लोकतन्त्रमा सबैभन्दा शक्तिशाली जनता नै हुन, जनतालाई सर्वोपरी ठानी सरकार संचालन गरे मात्र लक्ष्यमा पुग्न सकिन्छ भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै अग्नीसाइर कृष्णासवरन गाउँपालिका सुशासनको अधिकतम प्रत्याभुत हुने गरी गतिविधि संचालन गर्ने योजनाका साथ अगाडि बढिरहेको छ । आज हाम्रो देश भ्रष्टाचारले ग्रस्त भएकोछ । यसकै कारणले जनताले जनप्रतिनिधि र राष्ट्रसेवकलाई पूर्ण विश्वास र भरोसा गरिरहेका छैनन् । यो हाम्रो निम्ति अति नै दुःखद पक्ष हो । यसबाट मुक्त हुन सकिएन भने हाम्रा मूल्य, मान्यता र अस्तित्वलाई जोगाउनका साथै समृद्धि र विकास प्राप्त गर्न सकिदैन भन्ने हेक्काका साथ अग्नीसाइर कृष्णासवरन गाउँपालिकालाई भ्रष्टाचार सुन्य सहनशील गाउँपालिकाको रुपमा स्थापित गर्न योजनावद्ध रुपले गतिवधि संचालन गरिहेको छ ।

अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालिन क्षेत्रगत नीतिहरु सहश्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धताहरु, कोभिड १९ ले पारेको प्रभाव न्यूनिकरण, चालु आर्थिक बर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत गाउँपालिकाको प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहेका छौं ।

गाउँपालिकाका अनेकन समस्या र अनआकांक्षालाई परिपूर्ति गर्नका लागि सिमित श्रोत, साधन हाम्रो सीमा रहेता पनि यसलाई सम्वोधन गर्ने कोशिश गरिएको छ । गाउँवासीहरुका आकांक्षा र आवश्यकताहरुलाई परिपुर्ति गर्न सदैव सहयोग, सद्भाव र सहकार्यका लागि गाउँपालिकाले सबैमा अपेक्षा गरेको छ । यसै सन्दर्भमा नगरको सर्वोच्च संस्थाको रुपमा परिभाषित सम्मानित यस गाउँसभामा आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अव म, यस गरिमामय समारोह समक्ष आ.व. २०७९/०८० को पारित बजेट, नीति तथा कार्यक्रम संक्षेपमा राख्ने अनुमति चाहन्छु ।

आ.व. २०७९/०८० का लागि गाउँपालिकाको गाउँ विकास योजना तर्जुमागर्न स्थानीय सरकार संचालन ऐन २०७४ र यस गाउँपालिकाको वस्तुगत अवस्थालाई मुख्य रुपमा आधार बनाई देहाय अनुसारको नीति अवलम्वन गरिएको छ । आगामी आ.व. २०७९/०८० मा आन्तरिक आम्दानी अनुमानित रु. २ करोड, नेपाल सरकारको वित्तीय समानीकरणबाट रु. १० करोड ९७ लाख, सशर्त अनुदान १८ करोड २५ लाख, (तराई मधेश समृद्धि आयोजना, राष्ट्रिय परिचय पत्रको कार्यक्रम, बहुक्षेत्रीय पोषण, मेडपा लगायत अन्य), प्रदेश सरकार वित्तीय समानीकरण रु. ७३ लाख ४० हजार, सशर्त अनुदान ६० लाख, विशेष अनुदान तर्फ ३० लाख, समपुरक अनुदान २० लाख, प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ २५ लाख, सवारी साधन कर तर्फ २५ लाख, सामाजिक सुरक्षा भत्ता रु. १० करोड, बहुक्षेत्रिय पोषण योजना तर्फ १३ लाख १८ हजार, नेपाल सरकारको राजश्व

Scanned with CamScanner

बाँडफाँड तर्फ ७ करोड ३४ लाख अनुमान गरी कुल आय ५१ करोड २४ लाख २६ हजार रहेको छ । त्यसै गरी व्यय तर्फ चालु खर्च ३४ करोड २३ लाख ८६ हजार, पूँजीगत खर्च १७ करोड ४० हजार रहेको वडा तर्फको चालु खर्च ३० लाख त्यसै गरी वजेटको सिलिंग ३ करोड समत अनुदान १८ करोड २५ लाख, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १० करोड तथा वहुक्षेत्रिय पोषण योजना तर्फ १३ लाख १८ हजार व्ययको अनुमान प्रस्तुत गरेको छु र सोही वमोजिम खर्च गरिने व्यहोरा जानकारी गराउन चाहन्छु । वडाहरुबाट आएका विकास आयोजनाहरुलाई जस्ताको त्यस्तै योजना छनौट गरिएको छ । संघीय, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने वजेट सिलिङ्गमा थपघट भई आएमा संशोधन तथा समायोजन गरिनेछ ।

**अव म आ.व. २०७९/०८० को गाउँ विकास योजना पारित गर्ने क्रममा देहायका नीतिहरु अवलम्वन गरिएको छ ।**

राजनैतिक उपलब्धिको संस्थागत सुदृढिकरण र नेतृत्वको विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि गाउँपालिका स्तरीय विभिन्न अन्तरक्रिया कार्यक्रम मार्फत सबैको सुझाव र सल्लाह लिने काम भयो । सो कार्यक्रमबाट प्राप्त सुझाव र सल्लाहलाई आत्मसात गर्दै जनताको सर्वोत्तम हित र समुन्नतिका लागि देहायका नीति तथा कार्यक्रम तय गरिएको छ ।

**(क) राजनैतिक तथा शासन व्यवस्था सम्बन्धि नीतिः**

(१) दैनिक सेवा प्रवाहसँग सम्बन्धित सार्वजनिक प्रशासनलाई स्वछ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, अनुशासित, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपाकिबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गरिनेछ ।

(२) दैनिक प्रशासनिक सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग मार्फत, विद्युतिय शासन प्रणालीको अवधाररणालाई आत्मसात गर्न सबै वडाहरुमा फाइवर सहितको अत्याधुनिक संचार सेवाको लागि आवश्यक पहल गरिनेछ ।

(३) गाउँ कार्यपालिका कार्यालय लगायत अन्य विषयगत कार्यालय निर्माणका लागि आ.व. २०८०/०८१ भित्र जग्गाको व्यवस्थापन गरी निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

(४) पाँच बर्षे आवधिक योजना, नाला, सडकको गुरु योजना, निर्माण गरिनेछ ।

(५) कम्प्यूटरकृत राजश्व र लेखा प्रणालीको लागि पूर्वाधार र आवश्यक उपकरणको व्यवस्थापन भई सकेको र सफटवेयरको काम बाँकी रहेको जानकारी गराउन चाहन्छु सोको कार्यान्वयन गरिनेछ ।

Scanned with CamScanner

(ख) **शिक्षा विकास**

१. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

२. विद्यालयमा प्र.अ. तथा लेखा कर्मचारीको क्षमता विकास गरी लेखा प्रणालीलाई पारदर्शी बनाइनेछ । प्र.अ. तथा शिक्षकको क्षमता विकास गर्न तालिमका लागि बजेट व्यवस्थापन गरिएको छ ।

३. अग्नीसाइर कृष्णासवरन गाउँपालिका भित्र रहेको विद्यालयमा विद्यार्थीहरुलाई स्वच्छ पिउने पानी र सफा शौचालयका लागि कार्यक्रम संचालन गरिनेछ । विद्यालयमा आवश्यक पर्ने फर्निचर, शैक्षिक सामग्री वितरण, बालविकास केन्द्रको कक्षा कोठा व्यवस्थापन, भवन निर्माण, घेरावार, प्रयोगशाला निर्माण, खानेपानी व्यवस्था, शौचालय निर्माण, कम्प्यूटर इन्टरनेट व्यवस्था आदिलाई मध्यनजर गरी विद्यालयहरुमा बजेट विनियोजन गरिएको छ ।

४. यस चालु आ.व. भित्रमा नगरक्षेत्रमा शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार पुरा गरी अपाङ्गमैत्री र प्राविधिक युक्त विद्यालय हुनेछन् भन्ने विश्वास लिइएको छ । सम्पूर्ण बालबालिकालाई विद्यालयमा ल्याउऔं, टिकाऔं र सिकाऔं भन्ने अभियानलाई निरन्तरता दिइनेछ ।

५. यस बर्ष बालबालिकाहरुको आन्तरिक क्षमता प्रस्फुटन र विकासका लागि वाल सम्मेलन गरिनेछ । सबै वडा, टोल, विद्यालयमा बाल क्लव गठन गरी बालबालिकालाई परिचालन गरिनेछ ।

६. यस गाउँपालिका क्षेत्रलाई प्राविधिक शिक्षाको केन्द्र (Technical Education HUB) रुपमा विकसित गर्न पहल गरिनेछ ।

७. संस्थात विद्यालयहरुले नियमानुसार उपलब्ध गराउने छात्रवृत्तिलाई सम्बन्धित गा.पा.को सिफारिसको आधारमा विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाइनेछ ।

८. संघिय सरकारको आगामी आ.व. २०७९।०८० मा बाल विकासका कर्मचारी तथा विद्यालयमा कार्यरत, कार्यालय सहयोगीहरुलाई संघिय सरकारको निर्णय बमोजिम अक्षरस्वरुपमा पालना गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

(ग) **कृषि विकास :**

*"कृषकको समृद्धि: व्यवसायिककरण र आधुनिक प्रविधि"*

१. बजेट तथा कार्यक्रमलाई सन्तुलित रुपले कार्यान्वयनमा ल्याउनका लागि गाउँ क्षेत्रका व्यवसायिक, माध्यम तथा विपन्न कृषकहरु लक्षित कार्यक्रमहरुका लागि यो बर्ष पनि आवश्यक रकमको व्यवस्था गरिएको छ । गाउँक्षेत्र भित्रका सम्पूर्ण

Scanned with CamScanner

कृषियोग्य जमिनहरुलाई सिंचित गर्न र उत्पादनहरुको प्रशोधन र बजारीकरण गर्न आत्मनिर्भर बन्न सक्नेछ ।

२. कृषि उत्पादनको लागत कमगर्न कृषिमा यान्त्रिकीकरण कार्यक्रम संचालन गरिएको छ । यस अन्तर्गत चालु आ.व.मा मिनि टिलर (इन्टरकल्टिभेटर) कृषकहरुलाई उपलब्ध गराउने लक्ष्य लिइएको छ । यस चालु आ.व.मा ४ वटा पकेट उत्पादन कार्यक्रमहरु संचालनमा ल्याई धान, गहुँ र आँपको व्यवसायिकरण गर्न आँप प्रशोधन केन्द्रको स्थापना गरिएको र थप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. गाउँक्षेत्रभित्र कार्यक्रमहरुको सहज संचालन र अनुगमन गर्न कृषक समुहहरुको क्षमता बृद्धि गरिनेछ । चालु आ.व.मा दर्ता गरिएका कृषक समुहहरुको व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्दै थप नयाँ कृषक समुहहरु गठन गर्ने कार्यलाई निरन्रता दिइनेछ ।

४. गाउँपालिका क्षेत्रलाई हरियाली बनाउनका लागि फलफुलका विरुवाहरु वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(घ) पर्यटन विकास :**

१. पर्यटन क्षेत्रको प्रवर्धन र विकासका लागि यस गाउँपालिका क्षेत्रमा रहेको ऐतिहासिक मठ, मन्दिरहरुको संरक्षणको नीति अगाडी सारिएको छ । यसका लागि स्थानीय समुदायसँग समन्वय, सहकार्य गर्दै जागरुकता सहित प्रचार प्रसार गरिनेछ । गाउँपालिका क्षेत्रका मठ मन्दिरहरुको जिर्णोद्धार सुधार र सम्भारका लागि कार्यहरु गरिनेछ । गाउँपालिका क्षेत्रमा रहेको पर्यटकीय स्थल, बन क्षेत्रको सम्बर्द्धन निम्ति समुदायमाझ जागरण अभियान संचालन गरी ती क्षेत्रको भौतिक विकासका योगदान गरिनेछ । गाउँपालिका क्षेत्रका धार्मिक स्थलहरुको संरक्षण तथा व्यवस्थापन गर्दै धार्मिक पर्यटन विकास गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र रहेको सामुदायिक वनहरु लगायतका सिमसार क्षेत्र र ऐतिहासिक पोखरीहरुको संरक्षण र सम्वर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

३. यस गा.पा.को मुख्य पर्यटकीय स्थल अग्नीसाइर मन्दिर, कृष्णाराम पर्यटकीय स्थललाई, कजला दह पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्य अगाडी बढाएको छ ।

**(ङ) न्याय तर्फ :**

१. न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरको कारबाही किनारा गर्दा अपनाउनु पर्ने विधि तथा प्रक्रियालाई स्पष्टता, एकरुपता र पारदर्शिता कायम गर्न कानूनी शासन तथा न्यायप्रतिको जनविश्वास कायम राख्न प्रचलित संघीय

Scanned with CamScanner

कानूनको अवलम्वन गर्दै न्यायिक समितिको कार्य प्रक्रियालाई व्यवस्थित बनाउन न्यायियक समिति कार्यविधि २०७४ बनाई सकिएको हुँदा यसको कार्यान्वयन पक्षलाई अगाडी बढाइनेछ ।

२. न्यायिक समिति कार्यविधि अनुसार हरेक वडामा रहेको मेलमिलाप केन्द्रहरुलाई सक्रिय बनाउन आवश्यक प्रबन्ध मिलाई गाउँवासीहरुमा न्यायको प्रत्याभूति दिलाइनेछ ।

३. वडा मेलमिलाप केन्द्रका सदस्यहरुलाई कार्यचापको आधारमा उचित प्रोत्साहन गरिनेछ ।

**(च) पूर्वाधार तथ शहरी विकास :**

१. नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी गाउँपालिका क्षेत्र भित्र रहेको अव्यवस्थित तार, पोखल हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२. कार्यपालिका क्षेत्र भित्रका महतवपूर्ण सडकहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR)तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सोको लागि आवश्यक वजेट विनियोजन गरेको छ ।

३. भुकम्पनीय जोखिम न्यूनिकरण गर्न गाउँपालिका क्षेत्र भित्र बस्ने नयाँ संरचनामा नेपाल सकरारको निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिता (Building Code) तथा "वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२" बमोजिम मात्र घर नक्सा पास गरिनेछ ।

४. विद्यालयका जग्गा तथा सार्वजनिक जग्गाहरु खोजी गरी उक्त जग्गामा खेल मैदान निर्माण गर्न आवश्यक कदम चालिनेछ ।

५. सबै गाउँवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानीको पाईप विसतार तथा थप पानी ट्यांकी निर्माणका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।

६. मापदण्ड विपरित नक्सा पास नगराई बनाइएका संरचनाहरु गाउँपालिकाको सडक तथा ढल बनाउँदा क्षति हुन गएमा घरधनीले नै व्यहोर्नु पर्ने नीतिलाई अगाडी बढाइनेछ ।

७. विका प्रशासनलाई सक्षम, क्षमतावान र सक्रिय तुल्याई विकासमा समानुपातिक समावेशीको सिद्धान्त अवलम्वन गरी सबै वर्ग, लिंग, समुदायको सुनिश्चितता गरिनेछ ।

८. विकासका दृष्टिले पछिपरेका वडाहरुलाई प्राथमिकता दिँदै सन्तुलित वातावरण अनुकुल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्दै लगिनेछ ।

Scanned with CamScanner

९. विकासको प्रतिफल वितरणमा गरिब, विपन्न, उत्पीडित तथा पछि परेका र पारिएका नागरिकलार्य प्राथमिकता दिदै आम जनतामा सामाजिक न्याय कायम गरिनेछ ।

१०. विकासमा लैंगिक विभेदको अन्त्य, महिला सहभागितालाई प्राथमिकतामा गखी जनसहभागिता अभिवृद्धि गरिनेछ ।

**(छ) लक्षित वर्ग तथा समुदाय :**

१. गरिब तथा विपन्नलाई सुरक्षित आवास कार्यक्रम अन्तर्गत हाल सम्म महुली सामुदायिक विकास तथा हेल्वेटाससंग सहकार्य गरी १२५ वटा घरहरु निर्माण भईसकेको छ । यस्तै प्रकृतिका घरहरु निर्माण गर्ने कार्यलाई चालु आ.व.मा समेत निरन्तरता दिएको छ ।

२. महिला तथा बालबीलिका र लक्षित वर्गको सशक्तिकरणको लागि सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी टोल भित्रका सामाजिक विकृति र कुरिति उन्मुलन गर्ने अभियान संचालन गरिनेछ साथै फोहरमैला व्यवस्थापन, राजश्व संकलन र परिचालन र योजना तर्जुमा र कार्यान्वयनमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

४. स्वास्थ्य र सभ्य सुसंस्कृत सामाजिक प्रणालीको विकास गरी सुन्दर शान्त सामाजका निर्माण गर्न विशेष नीति लिइनेछ ।

५. ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदा लगायन मठ मन्दिरको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ ।

६. शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्न शिक्षण क्षेत्रमा कार्यरत जनशक्तिको लागि विशेष तालिमको कार्यक्रम ल्याइएका छ । साथै शैक्षिक जनशक्ति आपूर्ति गर्न आ.व. २०७९।०८० मा प्रयाप्त बजेट प्रस्ताव गरिएको छ जसलाई कार्यविधि निर्माण गरी व्यवस्थापन गरिनेछ ।

७. यस गा.पा. भित्र रहेको सामुदायिक र सस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरी जवाफ, व्यक्तित्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

८. वाल विवाह, बालश्रम शोषण, महिला हिंसा, लैंगिक हिंसा, दाइजो प्रथा आदिजस्ता समाजमा बिद्यमान कुप्रथाहरुलाई माजबाट पूर्ण रुपमा निर्मुल पार्न विभिन्न अभियानहरु तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

Scanned with CamScanner

९. गाउँपालिका क्षेत्रमा कार्यरत सबै गैर सरकारी संस्थाहरुको प्रोफाइल तयार गरी गैसरकारी संस्थाहरुलाई गाउँपालिका प्रति उत्तरदायि बनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

१०. गाउँपालिकामा कार्यक्रम बजेट तथा प्रतिवेदन पेश नगर्ने गैरसरकारी संस्थाहरुलाई नविकरण गरिन छैन। साथै उक्त संस्थालाई गा.पा.बाट दिईने सेवा सुविधा तथा साझेदारीतामा समेत बन्देज गरिने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

११. गाउँपालिका क्षेत्रभित्रका वालवालिकाहरुको विद्यालय पहुँच कार्यक्रमलाई विस्तार, छात्रवृत्तिका अवसर सिर्जना, साक्षरता अभियान, गा.पा. क्षेत्रका सामुदायिक विद्यालयका उत्कृष्ट छात्राछात्रालाई सम्मान कार्यक्रम संचालन गरिनेछ। गा.पा.। क्षेत्रमा संचालित वालविकास केन्द्रहरुलाई सामुदायिकरण, एकिकरण र सशक्तिकरण गरिनेछ।

१२. फरक क्षमता भएका तथा अपांग समुदाय, दलित, उत्पडित, आदिवासी जनजाति, मधेशी मुस्लिम, पिछडावर्ग, विपन्न वर्ग, सहित वेपत्ता परिवारको संरक्षण तथा आत्मनिर्भरताका ठोस कार्यक्रम संचालन गर्न यस आ.व.मा विशष योजना बनाई कार्य समपादन सुचकांगमा उपोक्त समुदायको सवलीकरण, सशक्तिकरण मार्फत मुल प्रवाहिकरणमा जोड दिन सम्वद्ध पक्षको सहकार्यमा अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना निर्माण गरि क्रमश: कार्यान्वयनमा लगिनेछ।

१३. गाउँपालिकाका क्षेत्रभित्र खानेपानीको लाईन विस्तार, क्षमता विकास आदि कार्यमा उपभोक्ता स्तरमा माग बढिरहेको सन्दर्भमा आवश्यकता, औचित्यता र सान्दर्भिकता हेरी अधिकतम सहयोग गरिनेछ।

१४. खानेपानी उपभोक्ता संस्थासँग आवश्यक समन्वय गरी उक्त संस्थालाई नै जिम्मेवार बनाई गा.पा.।संग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ।

१५. नयाँ प्रविधिको विकासँग सँगै यस गा.पा.मा संचालित विद्यालयहरुमा प्रविधियक्त पठन पाठनको व्यवस्था गर्ने योजना ल्याएको छ।

**(ज) विविध :**

१. गाउँपालिका क्षेत्र भित्र रहेका सबै घरधुरी, सार्वजनिक क्षेत्र, सामाजिक संरचनाहरुको डिजिटल डाटा संकलन गरी डिजिटल गाउँ प्रोफाइल तयार गरिनेछ। साथै हाउस होल्ड ट्राकिङ्गबाट सबै घरहरुको नम्बरिङ्ग गर्ने कार्य सम्पन्न गरिनेछ।

२. गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि आवधिक विकास योजनाको दस्तावेज तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिका क्षेत्र भित्र रहेको समुदायिक वन, खोला तथा सार्वजनिक स्थलहरुको तथ्यांक संकलन गरी नगरको क्षेत्राधिकार भित्र ल्याइनेछ।

Scanned with CamScanner

४. कोइला र इटाभट्टाबाट भएको पदुपण न्यूनिकरण गर्न आवश्यक प्रवर्द्धन मिलाइनेछ ।

५. गाउँपालिकाको विभिन्न क्षेत्रमा चन्दा दिने चन्दादाता, दानवीर तथा जग्गादाताहरुलाई उचित सम्मान गर्दै जाने व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिकाको सबै सार्वजनिक ऐलानी तथा पर्तिजग्गाहरु खोज गर्ने र ती जग्गाहरुको उचित संरक्षण र व्यवस्थापन गर्न गा.पा.कै मातहतमा राखी सोको लागि सम्बन्धित निकायबाट सम्पूर्ण अध्यावधिक डाटाहरु गा.पा.को प्रतिनिधि पठाई उपलब्ध गराई कार्यपालिकाको सो सम्बन्धी कार्यविधि बनाई सोही बमोजिम गरिनेछ ।

७. नम्बरी जग्गाको विषयमा मालपोत तिरेको नतिरेको हामीसँग आधिकारिक श्रेस्ता प्रतिलिपि नभएकोले राजश्व उठाउन कठिनाई भईरहेको हुँदा सम्पूर्ण गा.पा. भित्रको नम्बरी जग्गाको श्रेस्ता उतार सम्बन्धित निकायबाट उपलब्ध गराउन पहल गरिनेछ।

८. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनार्थ भएका विभिन्न संघर्ष, द्वन्द्व तथा आन्दोलनहरुलाई घाइते भएका, द्वन्द्वपीडित तथा शहिदहरुका परिवारको जीवनस्तर सुदृढ गर्न ती परिवारहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा प्राथमिकताका साथ समावेश गराइनेछ ।

**(झ) प्राकृतिक श्रोत, वन तथा वातावरण एवं विपद व्यवस्थापन सम्बन्धि नीति :**

१. गाउँपालिका वडाहरुमा रहेको सार्वजनिक, पर्ति, ऐलानी तथा सरकारी जग्गहरुमा बढ्दै गएको अतिक्रमणलाई निरुत्साहित गर्न सम्पूर्ण सार्वजनिक, पर्ति, ऐलानी एवं सरकारी जग्गाको लगत संकलन गर्ने कार्यलाई जोड दिनेइनेछ ।

२. सार्वजनिक जग्गा, बाटो छेउ र छुट्याइएको ऐलानी जग्गाहरुमा बृक्षारोपनको कार्य अगाडी बढाईने छ ।

३. सार्वजनिक स्थलमा रहेको गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ताल पोखरी दह, वन जंगल आदि जस्ता प्राकृतिक स्रोत सम्पदाको सवर्द्धन र प्रवर्द्धनको क्रममा पोखरीहरुको जिर्णोद्धार गरिसकेको र बाँकी रहेको थप पोखरीहरुको आगामी आ.व.मा जिर्णोद्धार गरी आर्थिक श्रोतलाई सबल बनाइनेछ ।

४. प्राकृतिक प्रकोपबाट हुने जोमि न्यूनिकरण गर्न पूर्व सुचना तयारी, उद्धार, साहत एवं पुर्नस्थापनाका प्रबन्धलाई थप प्रभावकारी बनाईदै लगिनेछ ।

५. गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु भित्रका पचौतारीहरु मठ, मन्दिरहरु नहर, कुलो ताल पोखरी, सिमसार क्षेत्र आदि सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ साथै सार्वजनिक पर्ति पहिचान भएका जग्ग सम्पदाहरुलाई गा.पा.को नाममा दर्ता गर्न आवश्यक प्रकृया थालिनेछ ।

Scanned with CamScanner

६. गाउँपालिका क्षेत्र भित्र बढ्दै जाने फोहर उत्सर्जन हुदै गरेको फोहरमैला श्रोत व्यवस्थपन गर्न आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

७. गाउँपालिका क्षेत्रको सौन्दर्य कायम गर्न अव्यवस्थित फुटपाथ व्यवसायलाई व्यवस्थि तगर्न पार्क बगैंचा लगायत सम्भाव्य सम्पदाहरुको समुचित विकास तथा परिचान गर्न सार्वजनिक निजी साझेदारी नीति मार्फत अघि बढाईनेछ ।

८. गाउँपालिकाको निश्चित क्षेत्रलाई फोहरमैला तथा प्लाष्टिक मुक्त क्षेत्र बनाउन विशेष पहल गरिनेछ ।

९. विपद पूर्व तयारी योजना निर्माण गरिनेछ । गाउँ क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न गाउँस्तरीय विपद व्यवस्थापन समिति वडा स्तरीय विपद व्यवस्थापन समिति खडा गरिनछभने गाउँपालिकामा स्तरमा विपद व्यवस्थापन उपशाखाले व्यवस्थापन गर्न गरी स्थानीइ आपतकालिन केन्द्र संचालन गरिनेछ ।

१०. निर्माण सामाग्री जस्तै गिटी, बालुवा, ढुंगा, ईटा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरिनेछ ।

**(ञ) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) सम्बन्धि नीतिः**

१. बैकल्पिक सिचाई व्यवस्थाका लागि डिप बोरिंग, स्टेट बोरिंग, कृषि मोट, कृषिका लागि एल.टी. लाईन विस्तार गरी सिंचाईको समस्या समाधान गर्न कार्यापालिकाले डिप बोरिंगका योजनाहरु प्रस्ताव गरिएको छ ।

२. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतनत्र विकास मार्फत स्थानीइ अर्थतन्त्र सुदृढ गरिनेछ ।

३. अर्थतन्त्रमा निजी क्षेत्रको लगानी र भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गरिनेछ ।

४. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दे स्थानीय विकासमा अत्यधिक परिचालन गरिनेछ ।

५. विशेष, आर्थिक क्षेत्र (SEZ) को स्थापनाको लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल, पैरवी, समन्वय र सहयोग गरिनेछ ।

६. आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धाको विकास गर्न आवश्यक पहल गरिनेछ ।

७. उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित एवं समतामूलक वितरण गरिनेछ ।

८. गाउँपालिका क्षेत्रभित्र उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने र उद्योगको विकास र विस्तारद्धार वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्न पहल गरिनेछ ।

Scanned with CamScanner

९. कालाबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता आतंकित गर्ने, प्रतिस्पर्धा नियन्त्रण गरी एकाधिकार कायम गर्ने कार्यको अन्त्य गरी व्यवसायिक क्षेत्रमा व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ ।

१०. गाउँपालिका क्षेत्रभित्रका विभिन्न वडाका विशेष क्षेत्रहरुलाई औद्योगिक करिडोर क्षेत्र, कृषि क्षेत्र, विशेष आर्थिक क्षेत्र, पर्यटन क्षेत्र, आदि जस्ता आर्थिक क्षेत्रको रुपमा घोषण गढरी सोको विकास र विस्तारमा विशेष प्राथमिकता दिइनेछ ।

११. किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन उत्पादकत्व वढाउन सिचाईको उचित व्यवस्थापनका लागि योजना निर्माण कार्यान्वयन गरिनेछ ।

१२. मासुजन्य उत्पादन र दुग्धजन्य उत्पादनका लागि गाई भैसी पालन, कुखुरा पालन, बाखापालन, माछापालनु, व्यवसायलार्य व्यवसायिक र आत्मनिर्भर बनाउन विशेष कार्यक्रम ल्याइनेछ ।

१३. कृषि, पशु तथा सिंचाई सम्बन्धि कार्य सम्वन्धित विषयगत कार्यालयसंग समनवय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

१५. आर्थिक बर्ष २०७८।०७९ मा विभिन्न गैर सरकारी संस्थाहरुको सहयोगमा करीव ५०० युवा युवती, महिला, दलित, जनजाति, किसान, आदिवासी, पिछडावर्गहरुलाई व्यवसायिक तालिम, सिपमुलक तालिम, क्षमता अभिवृद्धि तालिम दिइने लक्ष्य राखिएको छ ।

१६. बैदेशिक रोजगारीमा जाने युवा युवतीहरु नठगिउन, नवेचिउन भन्नका लागि वैदेशिक रोजगारी सम्बन्धि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**(ट) संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति :**

१. मुस्कान सहितको सेवा, जनताको पेवा भन्ने मूल नारालाई यस गाउँपालिका सवै वडा कार्यालयहरुबाट प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई थप प्रभावकारी बनाउँदै गाउँपालिकाको सार्वजनिक सेवा प्रभावलाई प्रविधिमैत्री र सवाग्राही मैत्री बनाउँदै लगिनेछ ।

२. जनशक्तिलाई क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई अवलोकन भमण गराइनेछ ।

३. बढी रहेको प्रशासनिक खर्चलाई न्यूनिकरण गर्न आर्थिक अनुशासन निर्देशिका बनाई लागु गरिसकेको छ भने यस गाउँपालिकामा आवश्यक दरबन्दीलाई पुनरावलोकन गर्दै संगठनमा चुस्तता ल्याइनेछ ।

४. कर्मचारी तथा पदाधिकारी संग कार्यसम्पादन सम्झौता गरिनेछ । कार्यसम्पादन सम्झौताका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिएको र

Scanned with CamScanner

कर्मचारीहरुको मनोवल र उत्प्रेरणा बढाउन यस कार्यलार्य थप प्रभावकारी बनाएँदै लगिनेछ ।

५. सुशासन प्रवर्द्धन र सहकार्यको लागि संस्थाहरुसँगको समनवय र सहकार्यलाइं विशेप प्राथमिकता दिइनेछ ।

६. कार्यालयको आन्तरिक व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयमा व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ ।

७. कार्यालय भित्र हुनसक्ने अनियमिततालाई रोक्न शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । सेवा प्रवाहमा पारदर्शिता एवं जवाफदेहिता कायम गर्न गुनासो सुनुवाई, उजुरी व्यवस्थापनलर्या शिघ्र प्रभावकारी बनाइनेछ । सेवा प्रवाहमा विद्युति सुशासनको मानयता अनुसार कार्यालयको कामलाई प्रविधि मैत्री बनाएँदै लगिनेछ ।

८. जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्वन्ध विच्छेद आदि जस्ता व्यक्तिगत घटना दर्ताका कार्यहरु कमप्यूटरकृत प्रणाली VERS-MIS बाट गर्ने व्यवस्था मिलाइनेछ ।

## (ठ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीती :

१. स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुलको पूर्ण उपयोगको वातावरण सिर्जन गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनेछ ।

२. जोखिमका परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पिडित महिलालाई पुनर्स्थापना, संरक्षण, सुशक्तिकरण गरी स्वावलम्बी बनाउने अवसर जुटाइनेछ ।

३. असहाय अवस्थामा रहेका एकल महिलाहरुलाई योग्यता र क्षमताको आधारमा सीप प्रदान गरी स्वरोजगार बनाई जिविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जानेछ ।

४. जेष्ठ नागरिकको सम्मानपूर्वक जीवनयापनलाई थप प्रभावकारी बनाउन बृद्ध आश्रम निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु ।

५. राज्यबाट जारी भएका समानुपातिक प्रतिनिधित्व तथा समावेशीकरण सम्बन्धी नीतिलाई पुर्णरुपमा आत्मसात गरिनेछ ।

Scanned with CamScanner

## (ड) कर तथा राजश्व तर्फ :

१. गाउँपालिका क्षेत्रभित्र व्यवसाय कर असुल गर्न कार्यविधि निर्माण गरी लागु गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र लाग्ने मेला, उत्सव विभिन्न खेल, जादु शर्कस आदिजस्ता प्रदर्शनी संचालनका लागि अनिवार्य रुपमा वडा समितिको कार्यालयवाट माग भई आएमा गाउँपालिकाले तोकिएको शुल्क लिई संचालनको लागि अनुमती दिइनेछ ।

३. कर दस्तुरको पूर्ण जानकारी र फारमहरु वेवसाईटमा राखिनेछ । कर हटलाईनको व्यवस्था गरिनेछ ।

४. कार्यालयबाट सबै प्रकोको सेवाग्राहीले प्राप्त गर्ने सेवा सुविधालाई निर्देशिका मार्फत व्यवस्थित गरिनेछ भने सेवा प्राप्त गर्नका लागि चुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने कानूनी व्यवस्थालाई कडाईका साथ अवलम्वन गरिनेछ ।

५. करदाता सेवा कार्याल्य, घरेलु, यातायात व्यवस्था कार्यालय लगायतका सांस्थाहरुसंग समन्वय गरि कर असुलीलाई प्रभावकारी बनाइनेछ भने करदाता शिक्षा कार्यक्रम ६ वटै वडामा संचालन गरिनेछ ।

६. वहाल कर संचालन कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाइनेछ ।

## (ढ) स्वास्थ्य तर्फ :

**यस अग्नीसाइर कृष्णासवरन गाउँपालिका सितापुर सप्तरीको आठौं गाउँ सभा बाट स्वीकृतिको लागि यस आ.व. २०७९।०८० मा संचालन हुने स्वास्थ्य सेवा तर्फको विविध कार्यक्रमहरु संचालन सम्बन्धी प्रस्तावित नीति तथा कार्यक्रम ।**

१. पालिका स्तरीय १५ शैंयायाको अस्पताल निर्माण सम्बन्धी कार्य अगाडी बढाइने ।

२. स्वास्थ्य चौकी नभएका (वडा नं. ६) मा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्बन्धी कार्य अगाडी बढाइने छ ।

३. स्वास्थ्य सेवाका कर्मचारीहरु समायोजन भई यस पालिकामा पदस्थापन हुन निवेदन पेश गरेकाहरुलाई दरबन्दी सृजना सम्बन्धी कार्य अगाडी बढाई नियमानुसार पदस्थापनका कार्य अगाडी बढाइने ।

४. बर्थिङ्ग सेन्टरहरु व्यवस्थित रुपले संचालन गर्न नर्सिंग कर्मचारीहरुको थप दरबन्दी समेत सृजना गरी आवश्यक कार्य अगाडी बढाइनेछ ।

५. पालिका स्तरीय १५ शैयाको अस्पताल संचालनका लागि आवश्यक दरबन्दी सृजना गरी कर्मचरी परिचालन सम्बन्धी कार्य अगाडी बढाइनेछ ।

Scanned with CamScanner

६. वडा नं. २ र ४ मा रहेका स्वास्थ्य चौकीको पहुँचबाट टाढा रहेको टोल वस्तीको लागि सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा संचालन सम्बन्धी कार्य अगाडी बढाइनेछ, सामुदायिक स्वास्थ्य इकाई संचालनको लागि कर्मचारी परिचालन गर्न आवश्यक दरबन्दी सृजना गरिनेछ ।

७. साविकमा निर्माण हुन बाँकीरहेको खोप केन्द्रको भवन निर्माणको कार्य आडी बढाइने छ र यस आ.व.मा वडा नं. २ र ३ मा ए एक वटा खोप केन्द्र र बाँकी वडाहरुमा दुई दुई वटा खोप केन्द्र भवन निर्माण सम्बन्धी कार्य अगाडी बढाइनेछ ।

८. गाउँघर क्लिनिक सेवा संचालनको लागि आवश्यक औजार उपकरण औषधी तथा फर्निचरको व्यवस्थापन सम्बन्धी कार्य अगाडी बढाइनेछ ।

९. कोभिड १९ लगायत अन्य महामारी जन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि अस्थायीकोभिड १९ अस्पताललाई सरुवा तथा महामारी जन्य रोगको पहिचान, उपचार तथा व्यवस्थपन केन्द्रको रुपमा विकास गरी संचालन गर्न स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको दरबन्दी सृजना गरी आवश्यक सेवा संचालन सम्बन्धी कार्य अगाडी बढाइनेछ ।

Scanned with CamScanner